आज मिति २०७४।०७।२८ गते मंगलबारका दिन दिउँसो ३:०० वजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसि देहायको उपस्थितिमा देहाय अनुसारका निर्णयहरु गरियो ।

<u>उपस्थिति :</u>

नगर प्रमुख श्री नृप बहादुर वड
नगर उप प्रमुख श्री सुशीला मिश्र भट्ट
वडा नं.१ अध्यक्ष श्री सन्तोष मुडभरी
वडा नं.२ अध्यक्ष श्री ~~नर बहादुर बम~~ मान के. चौधरी
वडा नं.३ अध्यक्ष श्री बल बहादुर ऐर
वडा नं.४ अध्यक्ष श्री ~~दिपक कुमार थापा क्षेत्री~~ दिप क. वडैला
वडा नं.५ अध्यक्ष श्री हिरा सिंह पातली
वडा नं.६ अध्यक्ष श्री भागीराम चौधरी
वडा नं.७ अध्यक्ष श्री ~~सितासम सन्त~~ अर्जुन चौधरी
वडा नं.८ अध्यक्ष श्री नारायण प्रसाद बुराल
वडा नं.९ अध्यक्ष श्री ~~प्रेम बहादुर भण्डारी~~ लाहनु चौधरी
वडा नं.१० अध्यक्ष श्री राजेन्द्र राना
वडा नं.११ अध्यक्ष श्री गंगाराम राना
वडा नं.१२ अध्यक्ष श्री गणेश प्रसाद जोशी
वडा नं.१३ अध्यक्ष श्री बिजय राज जोशी
वडा नं.१४ अध्यक्ष श्री राम बजारी थारु
वडा नं.१५ अध्यक्ष श्री फूलराम चौधरी
वडा नं.१६ अध्यक्ष श्री लक्ष्मीनारायण चौधरी
वडा नं.१७ अध्यक्ष श्री माधव राज राना
वडा नं.१८ अध्यक्ष श्री मुरारी अधिकारी
वडा नं.१९ अध्यक्ष श्री तिलुराम चौधरी थारु
सदस्य श्री सिता राना
सदस्य श्री बसन्त कुमार ठाकुर
सदस्य श्री कल्याणी सिंह
सदस्य श्री गिता पन्त
सदस्य श्री यशोधा भण्डारी
सदस्य श्री प्रेम बहादुर वि.क
सदस्य श्री रिस्नी देवी चौधरी
सदस्य श्री प्रेम सिं विश्वकर्मा
सदस्य सचिव श्री कृष्ण प्रसाद गौतम

आमन्त्रित:
डिल्लीराज ओझा
दिजराज भट्ट
लेखनाथ ओझा
सुरेन्द्र सिंह कार्की
वीर वा थापा (शिक्षा अधिकृत)

Scanned by CamScanner

निर्णय नं.१
यस धनगढी उप महानगरपालिकामा एल.जि.सि.डि.पी. कार्यक्रम अन्तरगत संचालित समाज परिचालनको कार्यमा विभिन्न सेवा प्रदायक संस्था मार्फत कार्यक्रम संचालनका गर्न कार्यरत समाजिक परिचालकको म्याद र बजेट २०७४ कार्तिक महिना सम्मको लागि प्राप्त हुन आएको छ । वडा कार्यालयहरुवाट गरिने सेवा प्रवाहका लागि वडा सचिव समाजिक परिचालक र कार्यालय सहयोगी कार्यरत रहेको अवस्था छ । समाजिक परिचालक नहुँदा वडा कार्यालयहरुको सेवा प्रवाह छिटो छरितो हुन नसक्ने भनी वडा अध्यक्ष ज्यूहरुको गुनासो एवं म्याद थप गर्नु पर्ने माग रहेकोमा सामाजिक परिचालकहरुलाई मासिक भत्ता वापत उपलब्ध गराईएको रकम रु ३०००। मार्ग महिना देखी उपलब्ध नगराउने र वडा कार्यालयहरुको तालिम कार्यक्रम बाट कटौती गरी रु ७२०००। को बजेट व्यवस्था प्रत्येक वडाको वडाको वडा समितिको निर्णयबाट गरी पठाउने र कार्यक्रमबाट बजेट र म्याद थप भएमा सोही बमोजिम हुने र बजेट र म्याद थप नभएमा निजहरुको कामकाजलाई निरन्तरता दिने माथि उल्लेखित भए बमोजिम मासिक रु १२०००। बाह्र हजार निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२
नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।२।०९ को विद्युत महशुल बक्यौता असुली सम्बन्धमा भएको निर्णय अनुसार र  नेपाल विद्युत प्राधिकरण को मिति २०७४।०६। गतेको पत्रानुसार आ.व. २०७३।०७४ सम्मको सरकारी कार्यालयको विद्युत महशुल वक्यौता रकम र शीत भण्डार दुग्ध चिस्यान केन्द्र जुट उद्योगलाई विद्युत महशुलमा अनुदान दिने नीति अनुरुप उपलब्ध गराउन बाँकी अनुदान आधिकारिक निकाय प्रमाणित गराई सम्बन्धित मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गर्ने ।नगरपालिका र गाउँ विकास समितिको सडक बत्तीको बक्यौता सन्दर्भमा आगामि आ.व.०७४।०७५ देखि विद्युत महशुल स्थानीय तहबाट बुझाउँदा सुनिश्चित भएपछि आ.व. ०७३।०७४ सम्मको प्रमाणित वक्यौता रकम नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने निर्णय भए अनुसार यस धनगढी उप महानगरपालिका क्षेत्र भित्रको नियमानुसार आ.व. ०७३।०७४ हुन आउने सडक बत्तिको बक्यौता विद्युत महशुल भुक्तानीका लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३
यस धनगढी उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले गत आ.व.बाट यस आ.व.मा सरि आएका योजनाहरुको लागत ईष्टिमेटका आधारमा काम सम्पन्न पश्चात् रकम भुक्तानीका लागि माग भै आएमा भैपरि आउने शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

क) धनगढी उप महानगरपालिका वडा नं.३ हिरा गजुरेलले बनाएको पिच रोडको भएको भुक्तानीको समर्थन गर्ने निर्णय गरियो ।

ख)धन बहादुर बरायलीको घर बाट जुगेडा वि गाउँ चौकी जाने बाटोमा कल्भर्ट निर्माणको मूल्याङ्कन अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो

निर्णय नं. ४
धनगढी उप महानरपालिका क्षेत्र भित्र खाने पानी जडान नाली निर्माण गर्दा तथा अन्य कारणले सडक टुटफुट भै सडक मर्मत गर्ने कार्यका लागि दरभाउ पत्रद्वारा कार्य सम्पन्न गराउने कार्यका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.५
सार्वजनिक छाडा चौपाया व्यवस्थापन गर्नका लागि विनियमावली बनाउन,बाल शिक्षा संचालन तथा नियमन गर्ने कार्यका लागि,नगर शिक्षा समिति निर्माण तथा नगर शिक्षा कोष खडा गर्ने कार्यका लागि आवश्यक नियमावली निर्माण गर्ने कार्यका लागि विधेयक समितिका संयोजकलाई जिम्मेवारी दिने तथा उक्त समितिले बनाएको नियमावलीलाई कार्यपालिकाले पास गरि कार्यान्यनमा लैजाने निर्णय गरियो ।

निर्णय नं.६

Scanned by CamScanner

धनगढी उप महानगरपालिका वा.न.१९ फूलबारीको वडा कार्यालयबाट सिफरिश भै आएको विद्यालयको स्थलगत अवस्था हेरी ईस्टीमेटका आधारमा प्रत्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.७

धनगढी उप महानगरपालिका वडा नं.३मा संचालित रामलिला कार्यक्रमका लागि रु २१,१११। एक्काईस हजार एक सय एघार रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८

धनगढी उप महानगरपालिका वडा नं. १८ को न्यू पृथ्वी यूथ क्लबलाई फूटवल खेल संचालनका लागि लागि रु३७,९९६। सैतिस हजार नौ सय छयानब्बै रुपैया मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.९

धनगढी उप महानगरपालिका वडा नं.१८ को वडा कार्यालय भवन अगाडिको व्यापारिक भवनमा तपसिलका कामहरु थप निर्माण गर्नु पर्ने भएकोले लागत ईष्टिमेटका आधारमा वजेट विनियोजन गरि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

क) च्यानल गेट २ थान

ख) माटो फिलिङ

ग) फर्सको काम

घ) पेन्टिङको काम

ङ) पेटी निर्माणको काम

च) विद्युत वाईरिङको

निर्णय नं.१०

शहरी शुसासन कायम तथा व्यवस्थापन गर्ने कार्यका लागि धनगढी उप महानगरपालिका बजार क्षेत्रको विभिन्न स्थानहरुमा २५ थान सि.सि.क्यामरा जडान गर्ने कार्यका लागि जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालय संग समन्वय गरि कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.११

धनगढी उप महानगरपालिकाको मूल्याङ्कन समितिले टिपर र मोटर साईकल खरिद गर्ने कार्यका लागि सिफारिश गरेका सिलवन्दि दरभाउपत्रलाई स्विकृत गरि टिपर र मोटर साईकल खरिद प्रक्रियालाई अगाडि बढाउने र सवारी साधन खरिद शिर्षकबाट टेक्ट्र १ थान टिपर १ थान २ थान हाईड्रोलिक ट्राली समेत खरिद गर्ने निर्णय गरियो ।

निर्णय १२

धनगढी उप महानगरपालिका वडा नं.१६ मा कालो पत्रे निर्माणका लागि रु ५०,००,०००(पचास लाख) आ.व. २०७४।०७५मा विनियोजन गरेकोमा उक्त सडक सघन शहरी आयोजना अन्तरगत निर्माण हुने भएकोले उक्त वजेट रकमबाट तपसिल बमोजिमका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

तपसिल

क) धनगढी उप महानगरपालिका वाड.नं.१६ ओझा टोलमा पक्कि कल्भर्ट निर्माण

ख) धनगढी उप महानगरपालिका वाड नं.१६ घुरही र भादाँमा विद्युतीकरणका लागि आवश्यक पर्ने २ थान १०० केभीए का ट्रान्सफर्मर खरिद गर्ने

ग) धनगढी उप महानगरपालिका वाड.नं.१६वेहडावावा ग्रामिण विद्युत सहकारीको अधुरो भवन निर्माण कार्यका लागि रु १०,००,०००। ( दश लाख मात्र)

Scanned by CamScanner